अजयमेरु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

ईमेल:ajayamerugaupalika@gmail.com
वेबसाइट:www.ajayamerumun.gov.np


प.सं.- ०७९/०८०
च.नं.- 8005

मिति: २०८०/०२/०४

श्री विषयगत शाखाहरु (सवै) ।
श्री वडा कार्यालय (सवै) ।

विषयः आ.व २०८०/०८१ को बजेट सीमा तथा मार्गदर्शन सम्बन्धमा ।

यस अजयमेरु गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक तथा कार्यक्रम तर्जुमाका लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८०/०१/१३ को निर्णय तथा कार्यपालिको मिति २०८०/०१/२७ को बैठकको निर्णयानुसार अजयमेरु गाउँपालिकाको आगामी आ.व २०८०/०८१ को बजेट तर्जुमाको क्षेत्रगत प्राथमिकिकरण, क्षेत्रगत सीमा, विषयगत शाखा र वडा समितिहरुको बजेट सीमा र बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन यसैसाथ संलग्न राखी पठाइएको छ ।

आर्थिक वर्ष २०८०/८१ समेत आगामी तीन वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका लागि २०८० जेठ १० गते भित्र गाउँ/टोल र वस्तीस्तरको माग र आवश्यकतालाई कार्यक्रम तर्जुमा मार्गदर्शन बमोजिम आयोजना तथा कार्यक्रम छनौट गरी सम्बन्धित विषयगत समिति मार्फत बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष २०८० जेठ ३१ गतेभित्र पेश गर्नुहुन अनुरोध छ। सहभागितामूलक योजना तर्जुमाको सवै चरण पूरा नगरेको, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र संलग्न मार्गदर्शन विपरीत भएको, मध्यमकालीन खर्च संरचना र कार्यान्वयन कार्य योजना नभएको संलग्न ढाँचामा नभएको आयोजना/ कार्यक्रम बजेट तथा कार्यक्रम समितिमा समावेश नहुने भएकाले प्राथमिकीकरणमा परेका आयोजनाहरुको स्पष्ट फारम र क्रियाकलापगत अनुमानित लागत विवरण सहित आयोजना तथा कार्यक्रमहरु छनौट गरी पठाउन हुन अनुरोध गर्दछु ।

०८०।०२।०४

लाल बहादुर सेटी
प्रमुख प्रशासकीय अधिकृत

लाल बहादुर सेटी
नि.प्रमुख प्रशासकीय अधिकृत

---

"समावेशी र सन्तुलीत विकास
समृद्ध अजयमेरुको मूल आधार"

विषयसूची


१. पृष्ठभूमि

२. कार्यक्रम तथा उपलब्धीको संक्षिप्त विवरण समीक्षा

३. योजना तथा बजेट तर्जुमामा आधार

४. बजेट सीमा

५. प्राथमिकता निर्धारणका आधार, विधि र प्रक्रिया

६. बजेट तर्जुमा


अनुसूचीहरु


वस्ती/टोलस्तर आयोजना छनौट तथा सूची तयार फाराम

कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

आयोजनाको प्राथमिकिकरण सूची



अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल


लाल बहादुर सेटी
प्रमुख प्रशासकीय अधिकृत

# पृष्ठभूमि

## क) विकास र योजना तर्जुमाको सन्दर्भ

राज्य र नागरिक हित तथा मानवको जीवस्तरमा गुणात्मक परिवर्तनका लागि आर्थिक, समाजिक,भौतिक वातावरणीय आदि पक्षमा सकारात्मक परिवर्तन आउनु नै विकास भएको मानिन्छ । मानव विकास सूकाङ्कमा उच्चतम अवस्थामा पुग्न शिक्षा, स्वास्थ्य र समृद्धि सहितको दीर्घ जीवन सुनिश्चितता भएको अवस्था विकासको गन्तव्य हो। विकासको गन्तव्य सुनिश्चित गर्न योजनावद्ध विकासको अपरिहार्य हुन्छ ।

विकासका लागि आवश्यकता धेरै हुने र साधन स्रोत सीमित हुने भएकाले यसको प्रभावकारी सन्तुलन मिलाई प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत साधनको उपयुक्त ढङ्गले उपयोग गर्नुपर्छ । मानव विकास सूचकाङ्कमा सुधार ल्याउन, दिगो विकास लक्ष्यहरू हासिल गर्न र विकासका अन्तरसम्बन्धित आयामहरूको सन्तुलित सम्बन्ध कायम गर्न व्यवस्थित योजना आवश्यक हुन्छ। योजनाबद्ध विकासको आधारमा रहेर समाजको विकास र समृद्धि हासिल गर्न विकासमा जनसहभागिता, सहकार्य, साझेदारी र अपन्त्वको सुनिश्चित भएपछि मात्र विकास क्रियाकलापको दिगोपना अभिवृद्धि हुनका साथै सरकार र जनता बीचको सम्बन्ध सुमधुर हुन्छ ।

गरिबी न्यूनीकरण, समतामूलक विकास, मावन संशाधन विकास, विकास संरक्षण जनसंख्या व्यवस्थापन विपद् व्यवस्थापन, सन्तुलित विकास आदि जस्ता विकासका आयामहरू सम्बोधन गर्दै साझेदारी र सहकार्यको माध्यमबाट नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा उल्लेख्य सुधार गर्नुपर्ने आवश्यकता छ । विकासका लागि योजना निर्माण प्राथमिकीकरण , विनियोजन कुशलता, कार्यान्वयन दक्षता इमान्दारिता र साझेदारिताको भूमिका महत्वपूर्ण हुन्छ । छनौट र प्राथमिकीकरण उपयुक्त भयो भने विनियोजन र कार्यान्वयनमा सहज हुन्छ। कार्यान्वयनको आधार र मार्गदर्शन योजना निर्माण, छनौट र प्राथमिकिकरण भएकाले यो मार्गदर्शनको पूर्ण पालनाबाट गाउँपालिकाको विकास र योजना तर्जुमा थप वस्तुगत र समयसापेक्ष हुने अपेक्षा गरिएको छ ।

## ख)स्थानीय तहको योजना तर्जुमा सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था

नेपालको संविधानको धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा योजना तयार गर्ने व्यवस्था रहेको छ । संविधानले अनुसूची ८ र ९ ले निर्धारण गरेको क्षेत्रसहित मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेटिएका विषयहरु स्थानीय तहका योजना तर्जुमाका आधारहरु हुन । संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संवैधानिक अपेक्षा बमोजिम समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानमा उल्लिखित राज्यको आर्थिक उद्देश्यले समेत स्थानीय आवधिक योजना तर्जुमालाइ दिशा निर्देश गर्दछ। तसर्थ स्थानीय तहले विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित मौलिक हक, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचीमा रहेका व्यवस्थाहरूको कार्यान्वयनमा पनि ध्यान दिनुपर्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाहरूले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

अन्तरसरकारी वित्त व्यावस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, खर्चको आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय तहको योजना तर्जुमा गर्दा प्राकृतिक स्रोतको परिचालनका आधार, राजश्व बाँडफाँडका आधार, अन्तरसरकारी वित्तीय हस्तान्तरणका आधार लगायतका प्रावधान अनुरुप आयोगले समय समयमा गरेका सिफारिस ध्यानमा राखी स्रोत साधनको अनुमान र प्रक्षेपण गर्नुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ ले गाउँपालिका तथा नगरपालिकाहरूले स्रोत अनुमान गर्दा राष्ट्रिय स्रोत अनुमान समितिले गरेको अनुमानकै आधारमा तीन आर्थिक वर्षको स्रोत अनुमान गरी मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ भने आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत नतिजा खाका र बजेट खाका समेत समावेश गर्नुपर्ने र आयोजना बैंक स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ।

संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तरसम्बन्ध ऐन, २०७७ ले स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयन गर्दा संङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ।

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ ले स्थानीय विपद् व्यवस्थापन समितिले भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता लगायत स्वीकृत निर्देशिका र मापदण्ड पालना गराउने, बजेट विनियोजन गर्न लगाउने, सरकारी, गैरसरकारी, निजी, सामुदायिक संस्थाको समन्वय र संलग्नतामा विपद् जोखिम न्यूनिकरण सम्बन्धी कार्य गर्ने गराउने लगायतका कार्यहरू गर्नुपर्ने व्यवस्था गरेको छ ।

स्थानीय तहले योजना तर्जुमा गर्दा राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरूलाई समेत ध्यान दिनुपर्छ । राष्ट्रिय भू-उपयोग नीति २०७२, विकास सहायता नीति २०७६, शिक्षा तथा स्वास्थ्य, शहरी विकास, कृषि, सिंचाई वन तथा वातावरणसँग सम्बन्धित नीतिहरु समेत मध्यनजर गर्नुपर्छ ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले १० विषयगत क्षेत्रगत अन्तर्गत १०० वटा सम्म समग्र अवस्था, प्रक्रियागत अवस्था र परिमाणात्मक अवस्था दर्शाउने सूचकहरु कार्यान्वयन हुने सुनिश्चित गर्नुपर्छ।

प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ ले प्रदेश तथा स्थानीय तहमा विनियोजन गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको महिला सशक्तिकरण र लैङ्गिक समानता गर्ने योगदानको आधारमा वर्गिकरण गरी साङ्केतीकरण गर्नुपर्ने व्यवस्था गरेको छ

## ग) मार्गदर्शन तयारीका आधार तथा अबलम्बन गरिएका प्रकृया

अजयमेरु गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ सहित आगामी तीन आर्थिक वर्ष सहितको वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीका लागि सीमा निर्धारण तथा मार्गदर्शन तयारीका लागि मिति २०८० बैशाख ८ गते , ९ गते र १० गते बैठक बसी विषयगत शाखा/इकाई/ तथा वडा कार्यालयहरूको बजेट सीमा निर्धारणका साथै मार्गदर्शन तय गरेको छ। मार्गदर्शन तयारी गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून तथा नीति, स्थानीय योजना, नीति तथा कानून, प्राथमिकता र आवश्यकतालाई प्रमुख आधार बनाईएको छ । योजना तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लेखित सात चरणको सहभागितामूलक योजना तर्जुमा प्रकृयालाइ जोड दिईएको छ ।

## घ)बजेट तथा योजना तर्जुमाका आधार

### १. दीर्घकालीन सोच, पन्ध्रौ योजना र विकासशील देशमा स्तरोन्नतिको रणनीति

नेपाल सरकारको "समृद्ध नेपालः सुखी नेपाली" को परिकल्पना पूरा गर्न आगामी २५ वर्षको लागि "दीर्घकालीन सोच २१००" हासिल गर्ने योजनाका रुपमा तीनै तहको सरकारलाई मार्गदर्शन गर्ने पन्ध्रौ योजना कार्यान्वयनमा रहेको छ । पन्ध्रौ योजनाले तय गरेको दीर्घकालीन सोचको परिदृश्य तथा पन्ध्रौ योजनाको लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता र भौतिक लक्ष्यसँग तादाम्यता कायम हुने गरी स्थानीय योजना तय गर्नुपर्दछ।

त्यसैगरी वि.स २०८७ सम्ममा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप दिगो विकास लक्ष्य हासिल गर्न विकासका सबै आयाममा कसैलाई पनि नछोड्ने प्रतिबद्धतालाई योजनामा आन्तरिकीकरण गर्न आवश्यक बजेट तथा कार्यक्रम तय गर्न आवश्यक छ ।

## १. सुदूरपश्चिम प्रदेश तथा अजयमेरु गाउँपालिकाको दीर्घकालीन सोच र आवधिक योजना

सुदूरपश्चिम प्रदेशले "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" दीर्घकालिन प्रादेशिक सोच तय गरेको छ । त्यसैगरी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमहरु अगाडी सारेको छ।

त्यसैगरी अजयमेरु गाउँपालिकाको "समावेशी र सन्तुलित विकास, समृद्ध अजयमेरुको मूल आधार" को दीर्घकालिन सोचसहित प्रथम आवधिक योजनाले लक्ष्य, उद्देश्य तथा रणनीतिहरु तय गरेको छ। योजना तथा कार्यक्रम तर्जुमा गर्दा राष्ट्रिय, प्रादेशिक र स्थानीय योजनाबीच तादाम्यता कायम गर्नुपर्ने छ।

## २. दिगो विकास लक्ष्यको स्थानीयकरण योजना

नेपालले संयुक्त राष्ट्र संघमा सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ । दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र विश्वव्यापीसहित नेपालले तय गरेका जम्मा ४७९ सूचकहरु छन। दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने योजना बमोजिम वार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको प्राथमिकता र केन्द्रिकरण सुनिश्चिता गर्नुपर्नेछ।

## ३. राष्ट्रिय अभियान तथा अन्य अन्तरसम्बन्धित विषयहरु

नेपाल पक्ष भई हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय अभिसन्धि, सम्झौता र प्रतिबद्धतासँग सम्बन्धित विषयलाई समेत गाउँपालिकाको योजनामा समावेश गर्न आवश्यक छ । यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक योजना (२०१८-२०३०) जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन योजना, २०१८ लगायत विकास प्रकृया र उपलब्धिमा प्रत्यक्ष असर पार्ने नीतिहरु, अजयमेरु गाउँपालिकाको विषयगत नीतिहरु, योजनाहरुलाई समेत ख्याल राख्नुपर्दछ ।

### ४. नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारको मार्गनिर्देश

आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँडको बजेट सीमा तथा बजेट तर्जुमा सम्बन्धी शर्त तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ। त्यसैगरी नेपाल सरकार तथा प्रदेश सरकारबाट योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका सम्बन्धमा समय समयमा प्राप्त हुने मार्गदर्शनलाई समेत ख्याल गर्नुपर्दछ।

## ५. समपूरक  तथा विशेष अनुदान सम्बन्धी कार्यविधि

नेपाल सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहको सहलगानीमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरू पहिचान गरी आयोजना बैंकमा समावेश गर्नुका साथै कार्यविधिले तोके बमोजिमको योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्नेछ ।

## ६. गाउँपालकाको प्रमुख समस्या र सम्भावना

गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि विकासका पूर्वाधारहरुको अभाव, अधिकांश जमिन सुख्खा हुनु, दक्ष जनशक्तिको कमी, न्यून उत्पादकत्व, शिक्षा, तथा स्वास्थ्य सेवामा गुणस्तरको अभाव, उत्पादित उपजको बजारीकरण अभाव, श्रम शक्तिको पलायन, गरिबी, बेरोजगारी, विपद् जोखिम जस्ता प्रमुख समस्याहरु रहेका छन । पूर्वाधार विकासका लागि तहगत सरकार तथा साझेदार निकायको चासो हुनु, राजनीतिक चेतनास्तरमा वृद्धि हुनु, निर्वाचित पदाधिकारी सहितको संस्थागत संयन्त्र हुनु, सूचना तथा प्रविधिको विकास र अवसर बढ्नु, युवाहरूमा उद्यमशीलता र व्यावसायिकता बढ्दै जानु, कृषि तथा पर्यटन विकासमा नयाँ सम्भावना र अवशर हुनु, सेवा प्रवाह सुशासन प्रवाहमा क्रमश वृद्धि हुनु, प्राचिनकालिन ऐतिहासिक अजयमेरुकोटमा संघीय तथा प्रदेश सरकारको सहयोगमा पर्यटकीय गन्तव्यको रुपमा विकासको सम्भावना हुनु जस्ता कुराले गाउँपालिकाका समृद्धिको सम्भावना बढाएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रमुख समस्याको न्यूनिकरण तथा सम्भावनाको भरपूर उपयोग हुने योजना ल्याउनु आवश्यक छ ।

## ७। स्थानीय सरकारमा सहभागी राजनितिक दलहरुको घोषणापत्र

स्थानीय तहको निर्वाचन, २०७९ को क्रममा राजनीतिक दलले घोषणापत्र प्रस्तुत गरी जनताबाट अनुमोदित जनप्रतिनिधिहरूको घोषणापत्रमा समावेश प्रतिवद्धता, योजना तथा कार्यक्रममध्ये पूरा हुन सक्ने आयोजना तथा कार्यक्रमलाई ध्यानमा राखी विकास कार्यमा सहमतिको वातावरण स्थापना तथा विकासमैत्रीको वातावरण निर्माणमा ध्यान दिनुपर्छ ।

## २. कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समिक्षा

### क) गत आ.व. को प्रमुख उपलब्धि, समस्या तथा चुनौती

गत आर्थिक वर्ष २०७८/०७९ मा क्षेत्रगत रुपमा देहायका प्रमुख उपलब्धीहरु हासिल भएका छन्।

## (क) आर्थिक विकास

क्षेत्र प्रमुख उपलब्धीहरु

<u>कृषि</u>

- फलफुल बिरुवा उत्पादन गर्न २ वटा हाइ-टेक नर्सरी स्थापना
- मसला बालि ब्लक संचालन
- प्लास्टिक पोखरी निर्माण
- सुन्तला जात फलफुल बगैचा स्थापना
- वेमौसमि तरकारी पकेट संचालन
- साना सिंचाईद्वारा सिंचित क्षेत्र बिस्तार

- हिउँदे फलफूल बगैचाँ स्थापना
- आलु पकेट संचालन
- आलु बिउमा आत्मनिर्भर

**पशु विकास**

- उपचार सेवा
- आकस्मिक रोग नियन्त्रण
- गाई भैंसि सुत्केरी स्याहार भत्ता
- मागमा आधारित युवा लक्षित कार्यक्रम
- उन्नत गाई भैसी ढुवानी कार्यक्रम
- स्थानीय कुखुरा प्रवर्द्धन कार्यक्रम
- ब्रुडिङका लागी हेचरी खरीद
- ईन्भटर खरीद
- डिस्टोकिया सेट तथा अन्य ओजार खरिद
- पशु सेवा घुम्ती सिविर
- अध्यक्ष उत्कृष्ट कृषक पुरुष्कार
- बाखा साना व्यवसायी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन
- हिउँदे बर्खे घाँस बिकास कार्यक्रम
- जैविक सामाग्री वितरण
- पि पि आर तथा खोरेत रोग नियन्त्रण भ्यक्सीनेसन
- उनन्त नश्ल सुधार कार्यक्रम
- डेरी प्रवर्धन कार्यक्रम

**रोजगार**

- छनोट गरिएका २६ वटा योजना मध्ये २६ योजनामा कार्य सम्पन्न शतप्रतिशत भौतिक प्रगति। योजनाहरु सबै जसो ,सडक मर्मत, धार्मिक क्षेत्रको अर्थात मठ मन्दिरहरुका बेडी पर्खाल निर्माण ,विभिन्न विद्यालयको वेडी पर्खाल निर्माण तथा खाने पानी तथा सिचाई कुलो निर्माण सम्बन्धी क्षेत्रमा सम्पन्न भएका छन् ।

- २६७१ जना दर्ता बेरोजगार मध्ये प्राथमिकतामा परेका ६९३ जनालाई ३८ देखि १०० दिन सम्मको रोजगारी प्रदान ,कुल बेरोजगार संख्याको २५.९२ प्रतिशत बेरोजगारलाई रोजगारी प्रदान गरियो ।
- प्राप्त बजेटको ९६.२० प्रतिशत बजेट खर्च प्रतिव्यक्ति प्रतिदिन रु.५७७ ज्याला भुक्तानी गरिएको ।
- आ.व. २०७९/०८०को लागि वडा मार्फत बेरोजगार फारम दर्ता ।
- ३५४९ जना बेरोजगार इ. एम. आइ. एस. मा दर्ता गरिएका
- प्रारम्भिक चरणमा नेपाल सरकार तर्फको एक करोड ३५ लाख बजेट विनियोन ,
- आइ डि ए मार्फत २० लाख अनुदान प्राप्त

**उद्योग वाणिज्य**

- लघु उद्यमीहरुलाई सीप विकास तालिम प्रदान गरी प्रविधि हस्तान्तरण गरिएको

**पर्यटन**

- अजयमेरुकोटलाई पर्यटकीय क्षेत्रको रुपमा विस्तार गर्न पूर्वाधार निर्माणको कार्य सुरु भएको

**सहकारी**

- सहकारी क्षेत्रको नियमित नियमन गरिएको र तालिमको प्रवन्ध गरिएको

**वित्तीय**

- NIC ASIA लघुवित्त वित्तीय संस्थाले शाखा खोली सेवा विस्तार

# ख) सामाजिक विकास

**क्षेत्र** **प्रमुख उपलब्धीहरु**

**शिक्षा**

- प्र.अ. बैंठक तथा शिक्षा समिति बैठक सञ्चालन
- शैक्षिक बुलेटिन तयार गरी प्रकाशन
- खेलकुदको विकासका लागि खेलकुद शिक्षक अतिरिक्त भत्ताको व्यवस्था
- स्वयंसेवक शिक्षकको निरन्तरता
- पाठ्यक्रम सम्बन्धी प्रवोधीकरण तालिम सञ्चालन
- स्थानीय पाठ्यक्रम हाम्रो अजयमेरु (कक्षा ६ देखि ८) लेखन तथा छपाइ
- स्थानीय पाठ्यपुस्तक छपाइ गरी विद्यालयमा विद्यार्थीहरुलाई निःशुल्क वितरण
- कक्षा १-३ का लागि मूल्याङ्कन पुस्तिका छपाइ र वितरण
- २ वटा माध्यमिक विद्यालयमा Ict Lab , Science Lab र १ आ.वि. मा Library व्यवस्थापन
- आधारभूत तह उत्तीर्ण परीक्षा र विद्यालय स्तरीय परीक्षा एकरुपताका साथ सञ्चालन गरिएको
- १ माध्यमिक विद्यालयमा शौचालय निर्माण
- अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रम सञ्चालन
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट ३ वटा विद्यालयमा ४ कोठे भवन ,५ वटा विद्यालयमा २ कोठे भवन , १ विद्यालयमा विज्ञान प्रयोगशाला र २ वटा विद्यालयमा आइ सिटि ल्याव निर्माण तथा व्यवस्थापन
- गरिव तथा जेहेनदार र उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान तथा पुरस्कृत कार्यक्रम
- १० वर्षे गाउँ शिक्षा योजना र शिक्षा पार्श्विचित्र तयार

**स्वास्थ्य**

- गाउँपालिकाको केन्द्र भद्रपुरमा आधारभुत अस्पताल मार्फत भिडियो एक्सरे र ई.सि. जी. सेवा सहितको चिकित्सकीय सेवा सुचारु गरिएको ।
- आयुर्वेद तथा आँखाको सेवा गाउँपालिकाको केन्द्र बाट सुचारु गरिएको ।
- एम्वुलेन्स सेवा सुचारु गरिएको ।

- गर्भवती महिलाहरुका लागि गर्भजाँच प्रोत्साहन कार्यक्रम मार्फत पोषिला खानेकुराहरु र सररफाई जन्य समाग्रीहरु वितरण गरि आमा र बच्चाको स्वास्थ्यमा सुधार भएको ।
- एकीकृत स्वास्थ्य शिविर मार्फत सम्पूर्ण वडाहरुमा लुकेर बसेका विभिन्न खालका रोगहरुको समयमै पहिचान, निदान र आवश्यक उपचार भएको ।
- आँखा जाँच गरि शल्यक्रिया आवश्यक भएका बिरामीहरुको शल्यक्रिया शिविर मार्फत शल्यक्रिया गरिएको ।
- झाडापखाला र श्वासप्रश्वासजन्य रोगहरुको प्रकोप दर घटेको पाइएको ।
- ६ वटै वडाहरुमा ल्याव सेवा सुचारु गरिएको ।
- योगदानमा आधारित महिला स्वास्थ्य स्वयंम सेविका कार्यक्रममार्फत स्वास्थ्य सेवा लाई थप प्रभावकारी र गुणस्तरिय बनाइयो ।
- बर्थिङ्ग सेन्टरको विस्तार गरि थप २ वटा गरि जम्मा ८ वटा बाट सेवा सुचारु गरिएको ।

**खानेपानी तथा सरसफाई**

- २५ वटा खानेपानी इन्टेक, ७ वटा पानी टेङ्की, ९०९५ मि. पाईप लाईन निर्माण र ४३ वटा धारा निर्माण
- १ वास आउट भल्व चेम्वर निर्माण, १ कलेक्सन चेम्बर निर्माण, २ फेरुल जडान र १० वटा जि.आई. क्रसिङ निर्माण
- १९ वटा न्वाला निर्माण

**संस्कृति प्रवर्द्धन**

- स्थानीय स्तरमा धार्मिक मन्दिरहरुको निर्माण गरिएको
- स्थानीय मेला (जात्रा) तथा संस्कृति प्रवर्धनात्मक कार्यक्रम सम्पन्न गरिएको

**खेलकुद तथा मनोरञ्जन**

- १ वटा खेलकुद मैदान निर्माण
- १२ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा अजयमेरु गाउँपालिका सहभागी भएको
- क्षेत्रिय तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा अजयमेरु गाउँपालिकाबाट खेलाडी पठाईएको।

**लैगिक समानता तथा सामाजिक समावेशीकरण**

- लैंगिक हिंसा विरुद्धका विभिन्न कार्यक्रमहरु सम्पन्न
- GESI Audit सम्पन्न

## ग) पूर्वाधार विकास

**क्षेत्र** **प्रमुख उपलब्धी**

**स्थानीय सडक**

- ३४.९३ कि.मि.  नयाँ सडक निर्माण, १.९ कि.मि. सडक मर्मत सुधार र ०.३ कि.मि. नालि निर्माण भएको
- ८५ मिटर बाटो निर्माण

**पुल तथा झोलुङ्गे पुल**

- १ सस्पेन्डेड झोलुङ्गे पुल निर्माण

**सिंचाई**

- १ सिंचाई इन्टेक निर्माण, १२४६ मि. सिचाई कुलो निर्माण, २७९४ मि. सिंचाई पाइपलाईन निर्माण, १० वटा सिंचाई पोखरी निर्माण भएको

**भवन तथा शहरी विकास**

- १२ वटा नयाँ भवन निर्माण तथा ७ वटा भवन मर्मत सम्भार भएको
- २९२ वटा पर्खाल निर्माण
- ५१ वटा मन्दिर निर्माण तथा मर्मत
- १७ वटा सार्वजनिक स्थल निर्माण

**घ) वातावरण तथा विपद् व्यवस्थापन**

**क्षेत्र** **प्रमुख उपलब्धी**

**वन तथा भू-संरक्षण**

- वृक्षारोपण गरिएको

**फोहरमैला तथा ढल व्यवस्थापन**

- प्रत्येक कार्यालयमा डस्टविनको व्यवस्था गरीएको, बजार क्षेत्रमा डम्पीङ साइटको निर्माण गरिएको

**विपद् व्यवस्थापन**

- बाढी पहिरोबाट क्षति कम गर्न एम्बुलेन्स, भ्याकुलोडरको प्रयोग गरिएको

**एम्बुलेन्स तथा बारुण यन्त्र**

- २ वटा एम्बुलेन्स सञ्चालनमा रहेका

## ङ)संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**क्षेत्र** **प्रमुख उपलब्धी**

**सामान्य सेवा**

- नियमित स्टाफ मिटिङ्ग, मासिक स्टाफ मिटिङ्ग तथा विशेष मिश्रित मिटिङ्गबाट दैनिक सेवा प्रवाहका बारेमा छलफल गरी तत्काल समाधान गर्ने संयन्त्र तयार भएको
- सेवा  प्रवाहका सम्बन्धमा नियमित रुपमा सेवाग्राही सन्तुष्टी सर्वेक्षण फारामको प्रयोग भएको
- गुनासो पेटेका तथा उजुरी पेटिकाको नियमित प्रयोग भएको, १ वर्षको अवधिमा कुनै पनि गुनासो तथा उजुरी नआएको

**सुरक्षा व्यवस्थापन**

- कार्यालयको सुरक्षाका लागि कार्यालय सहयोगीको व्यवस्था तथा नजिको प्रहरी प्रशासनसँगको समन्वय मार्फत सुरक्षा व्यवस्थापनमा जोड दिइएको
- कार्यालयको सुरक्षाका व्यवस्थापनका लागि सि.सि.टि.भि. जडान गरी प्रयोग गरिएको
- कार्यालय सुरक्षा प्रयोजनका लागि २ वटा वाईकको व्यवस्था गरिएको।

**सूचना प्रविधि**

- गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर, इन्टरनेट जस्ता सूचना प्रविधिका आधारभूत हार्डवेयरको प्रयोग भएको
- वजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदनमा पूर्ण रुपमा SUTRA को प्रयोग भएको
- ईमेल तथा वेवसाईटको नियिमित रुपमा प्रयोग हुने गरेको
- अजयमेरु गाउँपालिकाको कार्यालयमा ईन्टरनेट चुस्त दुरुस्त बनाउनका लागि नेपाल टेलिकमको लिजलाईन सेवा लिईएको

**पञ्जिकरण व्यवस्थापन**

- व्यक्तिगत घटना दर्ताका पुराना अभिलेखहरुको डिजिटाईजेशन गर्ने कार्य सम्पन्न भएको
- सामाजिक सुरक्षा भत्ता पूर्ण रुपमा बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने कार्यको शुरुवात गरिएको
- व्यक्तिगत घटना दर्ता अनिवार्य रुपमा अनलाईन मार्फत मात्र गर्ने गरिएको

**स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन**

- आवधिक योजना तयार गरिएको
- ILG Profile निर्माणका लागि तथ्याङ्क संकलन गर्ने  कार्य सम्पन्न भएका

**सुशासन प्रवर्द्धन**

- सार्वजनिक सुनुवाई सम्पन्न गरिएको
- सबै आयोजनाहरूमा आयोजना स्थलमा सूचना पाटी, जनलेखा परिक्षण र सार्वजनिक सुनुवाई अनिवार्य गरिएको
- सूचना प्रकाशन, नागरिक वडापत्रको, प्रयोग गुनासो सुनुवाई संयन्त्र प्रयोग

**अनुसन्धान र विकास**

- विभिन्न आयोजनाहरुको निर्माण र सम्भाव्यवता अध्ययनका लागि अनुसन्धान र विकास गर्ने गरिएको

अघिल्लो आर्थिक वर्षको वार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देहायका चुनौतीहरुको सामना गर्नु परेको थियो।

आर्थिक वर्ष २०७८/०७९ मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण प्रक्रिया र स्थानीय शासन व्यवस्थापनको क्रममा स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति नहुँदा वडा सचिव, प्राविधि कर्मचारीको कमी हुनु, कतिपय बजेटको समयमै फुकुवा नहुनु, विद्यालयमा दरबन्दी बमोजिम शिक्षक अभाव हुनु, आन्तरिक आय न्यून हुनु, पकेट निर्माण गर्न २-३ गाउँको क्षेत्र मिलाउनुपर्ने चुनौती, जंगली जनाबर बदेल / बाँदर को आक्रमण, उत्पादित कृषि वस्तुको उचित मूल्य प्राप्त नहुनु बिचौलियाहरुको बिगबिगी,सिंचाइको कमि, बजार सम्बन्धी जानकारीको अभाव, वास्तविक कृषकको  सम्बन्धित कृषि निकायमा पहुँचको कमि, यातायातको कमि ,कृषिसंग सम्बन्धित प्राविधिक उपकरण, ज्ञान, सिपको कमी कृषक सहभागिताको कमि, भौगोलिक कठिनाई, स्थानिय वस्तु भाउ बाट मनङ्य उत्पादन लिन नसकिनु, पशु वस्तुबाट दक्ष जनशक्तिको कमी,जनचेतनाको कमी, बजेट समयमै निकासा नहुँदा समयमै कार्यसम्पादन गर्न समस्या,श्रोत साधनको अपर्याप्तता, कृषि वाली तथा पशुपन्छीमा विभिन्न रोगहरु देखा पर्नु, स्रोत साधनको कमी, आन्तरिक ऋण उठाउन कानुनी अभाव जस्ता समस्याहरुको सामना गर्नुपऱ्यो ।

त्यसै गरी नागरिकको अपेक्षा पुरा गर्ने, प्रभावकारी सेवा प्रवाह , संस्थागत र नेतृत्वगत दक्षता, क्षमता र सिपको विकास गर्नु, जनसहभागिता सुनिश्चित गर्नु, स्थानीय साधनको समुचित प्रयोग र उपलब्धीको वितरण गर्नु, संघ, प्रदेश र अन्य स्थानीय तहसंग समन्वय र सहकार्य सुनिश्चित गर्नु, आन्तरिक आय वृद्धि गर्नु, पुराना तथा नयाँ जनप्रतिनिधिको कार्यक्रमलाई तालमेल मिलाउनु, समयमै आयोजनाहरु सम्पन्न गर्नु जस्ता चुनौतीहरु पनि सामना गर्नु पऱ्यो।

## ख) चालु आ.व. को हालसम्मको प्रमुख उपलब्धी, समस्या र चुनौती

चालु आ.व. २०७९/०८० मा क्षेत्रगत रुपमा देहायका प्रमुख उपलब्धीहरु हासिल भएका छन्।

### क)आर्थिक विकास

**क्षेत्र** प्रमख उपलब्धी

**कृषि**

- तरकारी तथा आलु बालीमा आत्मनिर्भर पालिका
- भटमास बालीमा क्षेत्र विस्तार
- प्रत्येक वडामा तरकारी पकेट संचालन
- संकलन केन्द्र स्थापना
- कृषि एम्बुलेन्स सेवा सुचारु
- कृषकहरु लाइ कृषि उपज बस्तु समयमा बिक्रि गर्न पाएको
- फलफुल बगैचा स्थापना
- सूचना सामग्री अन्तर्गत बाली पात्रो, लीफ्लेट वितरण भएको

- मल तथा बिउमा १०० प्रतिसत दुवानी सेवा

पशु विकास

- उपचार सेवा
- आकस्मिक रोग नियन्त्रण
- गाई भैसि सुत्केरी स्याहार भत्ता
- परजीवि नियन्त्रण कार्यक्रम
- सहायक स्तर तालिम
- कृषक स्तर तालिम
- पोस्टमार्टम तथा सर्जीकल सेट खरीद
- ट्रेबिज निर्माण
- अत्ति विपन्न दलित महिला लक्षित कुखुरा चल्ला वितरण कार्यक्रम
- पशु सेवा घुम्ती सिविर
- व्यवसायीक फर्ममा घाँसको स्रोत स्रोत केन्द्र स्थापना
- बाख्रा साना व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन
- स्थानीय स्तरमा दाना उत्पादनमा लागी मेसिन उपकरण खरीद
- जैविक सामाग्री वितरण
- मासु पसल सुधार कार्यक्रम
- घाँस बिकास कार्यक्रम
- पि पि आर र F M D खोप सँचालन
- अपांग लक्षित आय आर्जन कार्यक्रम

## रोजगार

- काम गर्न प्रारम्भ गरिएका २५ वटा योजना मध्ये २५ योजनामा कार्य सम्पन्न शतप्रतिशत भौतिक प्रगती । योजनाहरु सबै जसौ सडक मर्मत, धार्मिक क्षेत्रको अर्थात मठ मन्दिरहरुका बेडी पर्खाल निर्माण ,विभिन्न विद्यालयको वेडी पर्खाल निर्माण तथा सिंचाई कुलो निर्माण सम्बन्धी क्षेत्रमा सम्पन्न भएका छन् ।
- ३५४९ जना दर्ता बेरोजगार मध्ये नेपाल सरकारको बजेट बा प्राथमिकतामा परेका २३५ जना लाई १०० दिनको रोजगारी र आ.डी. ए. स्रोत मार्फत विनियोजित बजेट बाट ३६ जना गरी कुल २७१ जना बेरोजगार रोजगारी प्रदान, प्रतिव्यक्ति प्रतिदिन रु. ५७७ ज्याला भुक्तानी गरिएको ।
- प्राप्त बजेट नेपाल सरकार तर्फको १०० प्रतिशत खर्च खर्च हुने निश्चय
- आ.डी. ए. स्रोत मार्फत विनियोजित बजेटको ८८.६५ प्रतिशत खर्च हुने निश्चय
- आगामी आ. व . को लागि ३२५५ जना बेरोजगार इ. एम. आइ. एस. मा दर्ता गरिएका

उद्योग वाणिज्य

- थप लघु उद्यमी सृजना गरी आवश्यक तालिम प्रदान, थप प्रविधि हस्तान्तरण गरिएको

**पर्यटन**

- अजयमेरुकोटको संरक्षणका लागि थप पूर्वाधार विस्तार तथा निर्माण, विभिन्न पार्कहरु निर्माण गरिएको

**सहकारी**

- सहकारीहरुको नियमित नियमन गरी समन्वय कायम गरिएको

**वित्तीय क्षेत्र**

- शाखारहित बैंकिङ्ग सेवा विस्तार गरिएको

**ख) सामाजिक विकास**

**क्षेत्र** **प्रमुख उपलब्धी**

**शिक्षा**

- प्र.अ. बैठक तथा शिक्षा समिति बैठक सञ्चालन
- शैक्षिक बुलेटिन तयारी
- खेलकुदको विकासका लागि खेलकुद शिक्षक अतिरिक्त भत्ताको व्यवस्था
- स्वयंसेवक शिक्षकको निरन्तरता
- पाठ्यक्रम सम्बन्धी प्राविधिकरण तालिम सञ्चालन
- स्थानीय पाठ्यपुस्तक हाम्रो अजयमेरु (कक्षा ६ देखि ८) लेखन तथा छपाइ
- स्थानीय पाठ्यपुस्तक छपाइ गरी विद्यालयमा विद्यार्थीहरुलाई निःशुल्क वितरण
- MBBS अध्ययन छात्रवृत्ति प्रदान
- २ वटा माध्यमिक विद्यालयमा Science Lab र Library व्यवस्थापन
- आधारभूत तह उत्तीर्ण परीक्षा र विद्यालय स्तरीय परीक्षा एकरुपताका साथ सञ्चालन गरिएको
- जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन
- अतिरिक्त क्रियाकलाप तथा खेलकूद कार्यक्रम सञ्चालन
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट २ वटा विद्यालयमा ४ कोठे भवन ,२ वटा विद्यालयमा २ कोठे भवन , ३ वटा विद्यालयमा आइ. सि.टि. ल्याव निर्माण तथा व्यवस्थापन
- गरिव तथा जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति वितरण
- शैक्षिक क्यालेन्डर निर्माण

**स्वास्थ्य**

- गाउँपालिकाको केन्द्र भद्रपुरमा आधारभुत अस्पताल मार्फत भिडियो एक्सरे र ई. सि. जी. सेवा सहितको चिकित्सकीय सेवाको निरन्तरता गरिएको ।
- एम्बुलेन्स सेवा लाई थप प्रभावकारी एवम विस्तार गर्न वडा नं ५ र ६ लाई मध्यनजर गरि एउटा एम्बुलेन्स थप गरिएको ।
- एम्वुलेन्स सेवा सुचारु गरिएको ।
- गर्भवती महिलाहरुका लागि गर्भजाँच प्रोत्साहन कार्यक्रम मार्फत पोषिला खानेकुराहरु र सरसफाईजन्य सामाग्रीहरु वितरण गरी आमा र बच्चाको स्वास्थ्यमा सुधार भएको ।

- एकिकृत स्वास्थ्य शिविर मार्फत सम्पुर्ण वडाहरुमा लुकेर बसेका विभिन्न खालका रोगहरुको समयमै पहिचान निदान र आवश्यक उपचार भएको ।
- आँखा जाँच गरि शल्यक्रिया आवश्यक भएका बिरामीहरुको शल्यक्रिया शिविर मार्फत शल्यक्रिया गरिएको ।
- झडापखाला र श्वासप्रश्वासजन्य रोगहरुको प्रकोप दर घटेको पाइएको ।
- ६ वटै वडाहरुमा ल्याव सेवा सुचारु गरिएको ।
- योगदानमा आधारित महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम मार्फत स्वास्थ्य सेवा लाई थप प्रभावकारी र गुणस्तरिय बनाइयो ।
- वडा नं १ र ४ मा नयाँ भवनबाट सेवा सुचारु गरिएको ।

**खानेपानी तथा सरसफाई**

- ८ वटा खानेपानी इन्टेक निर्माण, ४ वटा खानेपानी टंकी निर्माण, ११ वटा धारा निर्माण र ४५२० मिटर पाइपलाईन निर्माण
- १० वटा न्वाला निर्माण

**संस्कृति प्रवर्द्धन**

- संस्कृति प्रर्वधनात्मक कार्यक्रम सम्पन्न गरिएको,
- स्थानीय मेलाको आयोजना गरिएको

**खेलकुद तथा मनोरञ्जन**

- गण्डकी प्रदेशको राजधानी पोखरामा भएको वृहत नवौ राष्ट्रिय खेलकुद प्रतियोगितामा अजयमेरु गाउँपालिकाले विभिन्न खेलहरुमा सहभागिता जनाएको
- क्षेत्रिय खेलकुद प्रतियोगितामा ४० जना खेलाडीहरुले अजयमेरु गाउँपालिकाको प्रतिनिधित्व गरेको
- रणबम गण दह व्यारेकको आयोजनामा सम्पन्न म्याराथन दौड प्रतियोगितामा अजयमेरु गाउँपालिकाले प्रथम स्थान हाशिल गरेको
- १३ औं जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता पालिका सदरमुकाममा आयोजना गरी द्वितिय स्थान प्राप्त गरेको
- राष्ट्रिय तथा प्रदेश स्तरीय खेलकुद प्रतियोगितामा सहभागी भएको
- २२० मिटर खेलमैदान बाटो निर्माण

**लैङ्गिक समानता तथा समाजिक समावेशीकरण**

- लैङ्गिक हिंसा विरुद्धको सोह्र दिने कार्यक्रम सम्पन्न
- अपाङ्गता भएका व्यक्ति, दलित तथा विपन्न व्यक्तिहरुका परिवारको लागि आवश्यक कार्यक्रम गरिएको
- गरिव परिवार परिचय पत्र वितरण गर्ने कार्य गरिएको

### ग) पूर्वाधार विकास

**क्षेत्र** **प्रमुख उपलब्धी**

**स्थानीय सडक**

- ४४२० मिटर नयाँ सडक निर्माण, ३२१ मिटर सडक मर्मत सुधार भएको
- ५ वटा नयाँ भवन निर्माण र १ भवनको मर्मत सम्भार भएको

**सिंचाई**

- ३ वटा सिंचाई इन्टेक निर्माण, ३६८.५ मिटर कुलो निर्माण, १४७५ मिटर पाइपलाईन निर्माण र ७ वटा सिँचाई पोखरी निर्माण

**भवन तथा शहरी विकास**

- ५ वटा नयाँ भवन निर्माण र १ भवनको मर्मत सम्भार भएको
- ११ वटा मन्दिर निर्माण, १२ वटा सार्वजनिक स्थल निर्माण र २४७ मिटर पर्खाल निर्माण

### घ) वातावरण तथा विपद् व्यवस्थापन

**क्षेत्र** प्रमुख उपलब्धी

**वन तथा भू-संरक्षण**

- वृक्षारोपण गरिएको

**फोहरमैला तथा ढल व्यवस्थापन**

- प्रत्येक कार्यालयमा डस्टविनको व्यवस्था गरीएको, बजार क्षेत्रमा डम्पीङ साइटको निर्माण गरिएको

**विपद् व्यवस्थापन**

- बाढी पहिरोबाट क्षति कम गर्न एम्बुलेन्स, भ्याकुलोडरको प्रयोग गरिएको

**एम्बुलेन्स तथा बारुण यन्त्र**

- २ वटा एम्बुलेन्स सञ्चालनमा रहेका

## ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**क्षेत्र** प्रमुख उपलब्धी

**सामान्य सेवा**

- नियमित स्टाफ मिटिङ्ग, मासिक स्टाफ मिटिङ्ग तथा विशेष मिश्रित मिटिङ्गबाट दैनिक सेवा प्रवाहका बारेमा छलफल गरी तत्काल समाधान गर्ने संयन्त्र तयार भएको
- सेवा प्रवाहका सम्बन्धमा नियमित रुपमा सेवाग्राही सन्तुष्टी सर्वेक्षण फारामको प्रयोग भएको
- गुनासो पेटेका तथा उजुरी पेटिकाको नियमित प्रयोग भएको, १ वर्षको अवधिमा कुनै पनि गुनासो तथा उजुरी नआएको

## सुरक्षा व्यवस्थापन

- कार्यालयको सुरक्षाका लागि कार्यालय सहयोगीको व्यवस्था तथा नजिको प्रहरी प्रशासनसँगको समन्वय मार्फत सुरक्षा व्यवस्थापनमा जोड दिइएको
- कार्यालयको सुरक्षाका व्यवस्थापनका लागि सि.सि.टिभि जडान गरी प्रयोग गरिएको

## सूचना प्रविधि

- गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर, इन्टरनेट जस्ता सूचना प्रविधिका आधारभूत हार्डवेयरको प्रयोग भएको
- वजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदनमा पूर्ण रुपमा SUTRA को प्रयोग भएको
- ईमेल तथा वेवसाईटको नियिमित रुपमा प्रयोग हुने गरेको

## पञ्जिकरण व्यवस्थापन

- व्यक्तिगत घटना दर्ताका पुराना अभिलेखहरुको डिजिटाईजेशन गर्ने कार्य सम्पन्न भएको
- सामाजिक सुरक्षा भत्ता पूर्ण रुपमा बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने कार्यको शुरुवात गरिएको
- व्यक्तिगत घटना दर्ता अनिवार्य रुपमा अनलाईन मार्फत मात्र गर्ने गरिएको

## स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन

- आवधिक योजना तयार गरिएको
- ILG Profile निर्माणका लागि तथ्याङ्क संकलन गर्ने  कार्य सम्पन्न भएको

## सुशासन प्रवर्द्धन

- सार्वजनिक सुनुवाई सम्पन्न गरिएको
- सबै आयोजनाहरुमा आयोजना स्थलमा सूचना पाटी, जनलेखा परिक्षण र सार्वजनिक सुनुवाई अनिवार्य गरिएको
- सूचना प्रकाशन, नागरिक वडापत्रको प्रयोग, गुनासो सुनुवाई संयन्त्र प्रयोग

## अनुसन्धान र विकास

- विभिन्न आयोजनाहरुको निर्माण र सम्भाव्यवता अध्ययनका लागि अनुसन्धान र विकास गर्ने गरिएको

चालु आर्थिक वर्ष २०७९/०८० मा पनि अघिल्लो आ.व. जस्तै गाउँपालिकाले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण प्रक्रिया र स्थानीय शासन व्यवस्थापनको क्रममा स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति नहुँदा वडा सचिव, प्राविधि कर्मचारीको कमी हुनु, कतिपय बजेटको समयमै फुकुवा नहुनु, विद्यालयमा दरबन्दी बमोजिम शिक्षक अभाव हुनु, आन्तरिक आय न्यून हुनु, पकेट निर्माण गर्न २-३ गाउँको क्षेत्र मिलाउनुपर्ने चुनौती, जंगली जनावर

बदेल / बाँदर को आक्रमण, उत्पादित कृषि वस्तुको उचित मूल्य प्राप्त नहुनु विचौलियाहरुको बिगबिगी, सिचाइको कमी, बजार सम्बन्धी जानकारीको अभाव, वास्तविक कृषकको सम्बन्धित कृषि निकायमा पहुँचको कमी, यातायातको कमी ,कृषिसंग सम्बन्धित प्राविधिक उपकरण, ज्ञान, सीपको कमी कृषक सहभागिताको कमी, भौगोलिक कठिनाई, स्थानिय वस्तु भाउबाट मनग्य उत्पादन लिन नसकिनु, पशु बस्तुबाट दक्ष जनशक्तिको कमी,जनचेतनाको कमी, बजेट समयमै निकासा नहुँदा समयमै कार्यसम्पादन गर्न समस्या, श्रोत साधनको अपर्याप्तता, कृषि वाली तथा पशुपन्छीमा विभिन्न रोगहरु देखा पर्नु, स्रोत साधनको कमी, आन्तरिक ऋण उठाउन कानुनी अभाव जस्ता समस्याहरुको सामना गर्नुपर्‍यो ।

त्यसै गरी नागरिकको अपेक्षा पुरा गर्ने, प्रभावकारी सेवा प्रवाह , संस्थागत र नेतृत्वगत दक्षता, क्षमता र सीपको विकास गर्नु, जनसहभागिता सुनिश्चित गर्नु, स्थानीय साधनको समुचित प्रयोग र उपलब्धीको वितरण गर्नु, संघ, प्रदेश र अन्य स्थानीय तह सँग समन्वय र सहकार्य सुनिश्चित गर्नु, आन्तरिक आय वृद्धि गर्नु, पुराना तथा नयाँ जनप्रतिनिधिको कार्यक्रमलाई तालमेल मिलाउनु, समयमै आयोजनाहरु सम्पन्न गर्नु, वस्तीस्तरको माग र गाउँपालिकाको रणनीतिक योजनाबिच तालमेल मिलाउनु, आयोजनाको छनौट, प्राथमिकीकरण, विनियोजन, कुशलता र कार्यान्वयन दक्षता बढाउनु, सुशासन प्रवर्द्धन गर्नु जस्ता चनौतीहरु पनि सामना गर्नुपर्‍यो। त्यसै गरी आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, सार्वजनिक निर्माणमा गुणस्तरीयता र दिगो संरक्षणको सुनिश्चित गर्नु, विकास आयोजना कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु, स्थानीय स्तरमा रोजगारी सृजना मार्फत युवालाई गाउँमै फर्काउनु, आर्थिक तथा सामाजिक विकास गर्नु, बैंक तथा वित्तिय संस्थाको वृद्धि तथा वित्तिय साक्षरता मार्फत औपचारिक अर्थतन्त्रको विकास गर्नु, सूचना तथा प्रविधिको विकास तथा साक्षरता वृद्धि गर्नु जस्ता चुनौतीहरु रहेका छन्।

## ३) योजना तथा बजेट तर्जुमाका आधार

### क) संवैधानीक तथा कानुनी आधार

नेपालको संविधानको धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा योजना तयार गर्ने व्यवस्था रहेको छ।संविधानको अनुसूची ८ र ९ ले निर्धारण गरेको अधिकार क्षेत्रसहित मौलिक हक, राज्यका निर्देश सिद्धान्त, नीति तथा दायित्वमा समेटिएका विषयहरु स्थानीय तहका योजना तर्जुमाका आधारहरु हुन। संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संवैधानिक अपेक्षा बमोजिम समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानमा उल्लिखित राज्यको आर्थिक उद्देश्यले समेत स्थानीय आवधिक योजना तर्जुमालाई दिशानिर्देश गर्दछ। तसर्थ स्थानीय तहले विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित मौलिक हक, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचीमा रहेका व्यवस्थाहरुको कार्यान्वयनमा पनि ध्यान दिनुपर्छ।

### ख) राष्ट्रिय लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता

**क) समृद्ध नेपाल**

१. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआवद्धता

२. मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग

३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व

४. उच्च र समतामूलक राष्ट्रिय आय।

**ख) सुखी नेपाली**

१. परिष्कृत तथा मर्यादित जीवन

२. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज

३. स्वस्थ र सन्तुलित पर्यावरण

४. सुशासन

५. सवल लोकतन्त्र

६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान

**राष्ट्रिय उद्देश्यहरु**

१) सर्वसुलभ गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।

२) गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वास्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभुति गराउनु ।

३) सामाजिक आर्थिक रुपान्तरण तथा स्वाधिन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु ।

**राष्ट्रिय रणनीति**

१) तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने

२) सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने

३) आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने

४) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने

५) पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने

६) गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने

७) प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने

८) सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने

**ग) प्रादेशिक लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता**

**प्रादेशिक लक्ष्य**

**<u>"आत्मनिर्भरता उन्मुखः समृद्ध प्रदेश"</u> निर्माणका लागि देहाय बमोजिमका दीर्घकालीन लक्ष्यहरु निर्धारण गरीएका छनः**

१. भौतिक, आर्थिक, हरित र सामाजिक पूर्वाधार सन्तुलित विकास

२. कृषि, ऊर्जा र उद्योगको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि

३. मानव पूँजीको विकास

४. गरीबी निवारणका लागि उच्च, दिगो र समतामूलक प्रादेशिक आय

५. दक्ष जनशक्तिको निर्माण र प्रदेश भित्रै उच्चतम सदुपयोग

६. समावेशी, लैङ्गिक समतामूलक, विभेद र वञ्चितीकरण रहित सुरक्षित, सभ्य, मर्यादित र न्यायपूर्ण समाज

७. सुशासन

८. दिगो विकासका लक्ष्यहरु हासिल

**प्रादेशिक योजनाको उद्देश्य**

१. उत्पादन र रोजगार वृद्धि गरी गरीबी न्यूनिकरण गर्नु
२. दिगो, सुलभ, सन्तुलित र गुणस्तरीय पूर्वाधार विकास एवं विस्तार गर्नु
३. सबै प्रकारका भय, चिन्ता, हिँसा, विभेद, शोषण, अभाव, भोकमरी, कुपोषण, अशिक्षा, रोग प्रकोप, असमर्थता आदिबाट मुक्त सुखी खुशी जीवन जिउन पाउने समावेशी, समन्यायिक र सामर्थ्यपूर्ण स्वावलम्वी समाज निर्माण गर्नु
४. सक्षम र प्रतिस्पर्धी मानव पूँचीको विकास गर्नु
५. प्रशासनीक एवम् वित्तीय सुशासन कायम गर्नु।

**प्रादेशिक योजनाको रणनीति**

१. कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण, उद्योग र सेवा क्षेत्रमा स्वच्छ र आधुननिक प्रविधिको प्रयोग गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने
२. हरित ऊर्जाको उत्पादन तथा प्रदेशलाई पर्यटकीय, शैक्षिक तथा व्यापारिक केन्द्रको रुपमा विकास गरी उच्च, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने
३. आधुनिक पूर्वाधार निर्माण एवम् अन्तर आबद्धता विकास गर्ने
४. सर्वसुलभ तथा अत्याधुनिक स्वास्थ्य सेवा र जीवनोपयोगी तथा गुण्तरीय प्राविधिक शिक्षाको सुनिश्चितता गर्ने
५. सामाजिक सुरक्षा, समावेशीकरण, संरक्षण, लैङ्गिक समता र समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने
६. प्राकृतिक स्रोत साधनको समुचित उपयोग तथा उत्थानशीलता प्रवर्द्धन गर्दै **"हरित प्रदेश"** कायम गर्ने
७. डिजिटल प्रदेशको अवधारणालाई आत्मसात गर्दै सार्वजनिक सेवामा सुशासन प्रत्याभूत गर्ने।

**घ) गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा कार्यक्रम**

**गाउँपालिकाको दीर्घकालीन सोचः "समावेशी र सन्तुलित विकास, समृद्ध अजयमेरुको मूल आधार"**

**गाउँपालिकाको लक्ष्य**

वि.सं. २०८३ सम्म आत्मनिर्भर र नमूना गाउँपालिका को निर्माण गर्ने

**गाउँपालिकाको उद्देश्य**

१. जनताका आधारभूत आवश्यकता पुरा गर्दै गुणस्तीय जीवन सुनिश्चित गर्ने
२. दिगो विकासले निर्धारण गरेका लक्ष्यअनुरुप राष्ट्रिय योजनाका लक्ष्यहरु पुरा गर्ने
३. नागरिकलाई सामाजिक न्याय र समावेशी विकासको प्रत्याभूति दिने
४. शिक्षा तथा स्वास्थ्यमा बिना भेदभाव सबै नागरिकको पहुँच स्थापित गर्ने
५. कृषि उत्पादकत्व तथा उद्योगको विकास गर्दै खाद्यान्न, पोषण र जीविकोपार्जनमा आत्मनिर्भर बनाउने
६. वातावरणमैत्री समावेशी भौतिक पूर्वाधारहरुको विकास गर्ने
७. जातीय तथा लैङ्गिक हिंसामुक्त गाउँपालिका निर्माण गर्ने
८. वित्तिय तथा प्रशासनिक सुशासनमार्फत नागरिकका लागि नागरिकको नेतृत्वमाको अवधारणाका आधारमा सबैको स्वामित्व हुनेगरी कार्यान्वयन संयन्त्र र परिपाटी विकास गर्ने
९. सूचना तथा प्रविधिमय सुशासन र शासनप्रणालीमा सबैको पहुँच कायम गर्ने
१०. पर्यटक तथा स्थानीय संस्कृतिको माध्यमबाट नमुना ऐतिहासिक गाउँपालिका निर्माण गर्ने

**गाउँपालिकाको प्राथमिकता तथा कार्यक्रमहरु**

अजयमेरु गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक योजना तथा कार्यक्रम तर्जुमाका लागि देहाय बमोजिमका क्षेत्र तथा उपक्षेत्रलाई प्राथमिकता निर्धारण गरिएको छ ।

१. सामाजिक विकास क्षेत्र

२. पूर्वाधार विकास क्षेत्र

३. आर्थिक विकास क्षेत्र

४. सुशासन तथा संस्थागत विकास क्षेत्र

५. वन, वातावरण र विपद् व्यवस्थापन क्षेत्र

उल्लिखित प्राथमिकताका आधारमा रहेर देहाय बमोजिमका नीति तथा कार्यक्रमहरुलाई प्राथमिकता दिइएको छ ।

क) कृषि, पर्यटन, उद्योग तथा मानव संशाधनको क्षेत्रमा जोड,

ख) घरेलु तथा साना उद्योग प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड,

ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई लगायतका क्षेत्रमा जोड

घ) पर्यटन पूर्वाधारको विकास तथा प्रवर्द्धन, जलविद्युत उत्पादन, उद्योग स्थापना लगायतका क्षेत्रमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी आकर्षण तथा रोजगारी प्रवर्द्धन

ङ) स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण

च) अन्तरसम्बन्धित पूर्वाधार विकास र पूँजी निर्माण

छ) विपद् व्यवस्थापन, वन तथा भू-संरक्षण, जलवायु परिवर्तन अनुकूलन

ज) संस्थागत विकास तथा शासकीय सुधारमार्फत विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा नागरिकको जनसहभागिता सहितको सुशासनमा जोड,

झ) नवप्रवर्तन, वैज्ञानिक अनुसन्धान र विकास ।

ञ) स्थानीय पेशा, सीप र प्रविधिको प्रवर्द्धनमा जोड

ट) स्थानीय जडीबुटी र वनजन्य उत्पादनको संरक्षण र उपयोगमा जोड

**ङ) अन्तरसम्बन्धित विषयहरु**

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विकासका समसामयिक मामिलाहरु तथा अन्तरसम्बन्धित विषयहरुलाई सम्बोधन गर्नुपर्दछ । अन्तरसम्बन्धित विषयहरु एउटा पक्ष पछि पर्दा अर्को पक्ष समेत प्रभावित हुने भएकाले सबै क्षेत्रलाई सन्तुलित रुपमा सँगसँगै अगाडि लैजानुपर्ने हुन्छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, वार्षिक बजेट तर्जुमा गर्दा देहायका अन्तरसम्बन्धित विषयहरुलाई छुटाउनु हुँदैन ।

१.गरिवी न्युनीकरण,

२.दीगो विकासका लक्ष्य सम्बोधन,

३.मानव संसाधनको विकास,

४.वातावरण संरक्षण,

५. सामाजिक समावेशीकरण,

६. समतामूलक विकास,

७.जनसंख्या व्यवस्थापन,

८. आयको न्यायोचित वितरण,

९. बढ्दो शहरीकरणको व्यवस्थापन,

१०. बढ्दो उर्जा संकटको व्यवस्थापन,

११. विपद व्यवस्थापन,

१२. वातावरण संरक्षण,

१३. साझेदारी एवं सहकार्य,

१४. लैङ्गिक समानता,

१५. सन्तुलित विकास

१६. गैरसरकारी क्षेत्रसँग समन्वय

१७. अर्न्तविषयगत तथा पालिकागत समन्वय

१८. सामुदायिक-नीजि साझेदारी

१९.श्रम, अप्रावासन तथा रोजगारी

२०. हरेक क्षेत्रमा एकीकृत अनुगमन तथा मूल्याङ्कन

२१. वैज्ञानीक तथ्याङ्क प्रणाली  तथा सूचना व्यवस्थापन

**४) बजेट सीमा**

आगामी आ.व. २०८०/०८१ समेत ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा अजयमेरु गाउँपालिकाका विषयगत शाखा/एकाइ/वडा कार्यालयहरुलाई बजेट सीमा देहाय बमोजिम रहेको छ ।

| विषयगत शाखा/वडा | जम्मा |
|---|---|
| शिक्षा, युवा तथा खेलकूद | ४८,४५,०००।- |
| स्वास्थ्य विकास शाखा | १,७२,५५,०००।- |
| युवा र खेलकुद | १५,३०,०००।- |
| कृषि विकास तथा प्रसार | ५१,००,०००।- |
| पशुपंक्षी विकास तथा प्रसार | ३९,१०,०००।- |

| वडा | जनसंख्या | क्षेत्रफल | कूल जम्म |
|---|---|---|---|
| १ | २५६ | २९.८९ | ३३४२२०० |
| २ | ३४९० | ३५.२५ | ३८३५००० |
| ३ | १९१० | १६.०६ | ३३०२२५० |
| ४ | २३६५ | २२.२५ | ३३४५६०० |
| ५ | २६४९ | २६.१६ | ३७४३४०० |
| ६ | २४९० | २०.०१ | ३३९८३०० |

## ५ प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रिया

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लिखित आधार, विधि तथा प्रक्रिया
- स्थानीय विशेषता र आवश्यकता बमोजिम कार्यपालिकाबाट स्वीकृत अन्य आधारहरु
- कार्यपालिकाबाट स्वीकृत प्राथमिकता निर्धारण सम्बन्धी अन्य विधि तथा प्रक्रिया

## ६. बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही अजयमेरु गाउँपालिकाको आवधिक योजना एकीकृत विकास योजना /, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, चालु मध्यमकालीन खर्च संरचना, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लेखित विषयहरुलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरुको छनौट, प्राथमिकता निर्धारण तथा बजेट अनुमान गरी मिति २०८० जेठ ३१ गतेभित्र पेश गर्नु हुन अनुरोध छः-

१. आयोजना तथा कार्यक्रम प्राथमिकताका आधार, विधि र प्रक्रियाको सम्बन्धमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम गर्ने
२. विषयगत शाखा तथा इकाई र वडास्तरमा छनौट हुने निर्माण आयोजनाको हकमा न्यूनतम् एक लाखभन्दा तलको लागत अनुमान नहुने गरी बजेट तथा कार्यक्रम तर्जुमाको सुनिश्चतता गर्ने ।
३. अघिल्लो आर्थिक वर्षमा वडा कार्यालयले संकलन गरेको राजस्व रकम आगामी आर्थिक वर्षको वडागत बजेट सिमामा थप गरी बजेट सिमा निर्धारण गर्ने
४. दहत्तर बहत्तर, ढुङ्गा गिट्टी बालुवा, स्लेट, सामुदायिक वन, प्राकृतिक तथा स्थानीय कर, विज्ञापन कर र मनोरञ्जन कर लगायत बाँडफाँड हुने राजस्वमा गाउँपालिकाले प्राप्त गर्ने हिस्साको २० प्रतिशत रकम सम्बन्धित वडाको बजेट सीमामा थप गर्ने ।

५. आयोजना छनौटपछि बजेट विनियोजनपूर्व जग्गा प्राप्ति स्थानीय विवाद निरुपण संयन्त्र र आयोजना कार्यान्वयनमा स्थानीयबासीको सहयोगको सुनिश्चतता गरेर मात्र बजेट विनियोजन गर्ने ।

६. गैरसरकारी संघ संस्था तथा अन्य निकायबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रममा गाउँपालिका तथा वडास्तरबाट सञ्चालन हुने कार्यक्रममा अन्य निकायको न्यूनतम् ३० प्रतिशत सुनिश्चित हुने गरी साझेदारीमा आधारित कार्यक्रम छनौट र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

७. वडास्तरको बजेट सीमामा विषय क्षेत्रगत सीमा अनिर्वाय नगर्ने तर बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विषय क्षेत्रगत रुपमा छुट्याएर गर्नुका साथै आर्थिक पूर्वाधार र उत्पादनमूखी योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने
८ वडास्तरमा न्यूनतम ५ लाखभन्दा माथिका निर्माण आयोजना गर्नुपर्ने र गाउँपालिका तथा वडाबाट कार्यान्वयन हुने ५० लाख सम्मका आयोजनाहरु सोही आर्थिक वर्षभित्रै सम्पन्न गर्न सुनिश्चित गर्ने ।

९) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक वर्ष २०८०/०८१ का लागि निर्माण आयोजनाको हकमा मात्र परियोजना सूचीमा समावेश आयोजना छनौट गर्ने र आगामी आर्थिक वर्षदेखि हरेक वस्तीस्तरको एकीकृत योजना तर्जुमा गरी सबै आयोजना तथा कार्यक्रमहरुलाई आयोजना सूची तथा परियोजना बैंकमा समावेश गरेर मात्र बजेट विनियोजनको व्यवस्था मिलाउने ।

१०) गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न योगदान दिन सक्ने उद्यमशील, उत्पादनशील र रोजगारीमूलक कार्यक्रमहरुलाई जोड दिने ।

११) स्थानीय स्रोत साधन सीप, दक्षता क्षमता कच्चा पदार्थमा आधारित उद्यम व्यवसाय विकास गर्ने आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

१२) विषयगत शाखा तथा वडा समितिले बजेट तथा कार्यक्रमम तर्जुमा गर्दा गाउँपालिकाको विशेष प्राथमिकतामा परेका विषयक्षेत्र/उपक्षेत्र र क्रमागत आयोजना/कार्यक्रमलाई बजेट सुनिश्चित (Eamark) अनिवार्य गर्ने व्यवस्था मिलाउने ।

१३) नियमित सालबसाली खर्च हुने, छोटो अवधिको तालिम, जनचेतनामूलक कार्यक्रम, मर्मत सम्भार, संरक्षण जस्ता कार्यक्रमलाई चालु बजेटबाट र दीर्घकालीन पूँजी निर्माण हुने खालका आयोजना, विकास आयोजना तथा कार्यक्रमहरुलाई पूँजीगत बजेटबाट छनौट गर्ने ।

१४) चालु बजेटको सीमाबाट पूँजीगत प्रकृतिका विकास आयोजना छनौट गर्ने सकिने तर पूँजीगत बजेटबाट चालु प्रकृतिका योजना/कार्यक्रम छनौट नगर्ने ।

१५) उल्लिखित मार्गदर्शन बमोजिम देहायका विषयहरुलाई मध्यनजर गर्नेः

क) संविधान र प्रचलित कानून बमोजिम स्थानीय तहको कार्य जिम्मेवारी भित्र रहेका विषय, आयोजना तथा कार्यक्रम,

ख) आवधिक तथा विषयक्षेत्र रणनीतिक/गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता अनुसारका आयोजना तथा कार्यक्रम,

ग) चालु आर्थिक वर्षमा सञ्चालित क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रम,

घ) आयोजना बैंकमा समावेश भएको र सो नभएको भए वातावरणीय अध्ययन लगायत संभाव्यता अध्ययन भई डिजाइन, लागत अनुमानसहित विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रम

ङ) अति विपन्न, सिमान्तकृत एवम् दलित, जनजाति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक जस्ता लक्षित वर्ग, समुदाय र परिवरलाई प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रम,

च) वातावरण संरक्षण तथा जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन जस्ता विषयमा प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रम,

छ) गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न योगदान दिनसक्ने खालका उद्यमशील, उत्पादनशील र रोजगारीमूलक कार्यक्रम,

ज) स्थानीय स्रोत, साधन, सीप, दक्षता क्षमता कच्चा पदार्थमा आधारित उद्यम व्यवससाय सिर्जना र विकास गर्ने आयोजना तथा कार्यक्रम,

झ) सामाजिक न्याय, सुशासन, जवाफदेहीता र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने कार्यक्रम,

ञ) कृषि, खाद्यान्न तथा पशुपन्छी उपजको उत्पादन, व्यावसायीकरण, विविभकरण र औद्योगीकरणलाई सहयोग पुऱ्याउने आयोजना तथा कार्यक्रम,

ट) गाउँपालिकाको नीति तथा कानूनको निर्धारण गरेका दायित्वलाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रम,

ठ) योग, ज्ञान तथा सिप विकास, अध्ययन, खोज अनुसन्धान र आविष्कारसँग सम्बन्धित आयोजना तथा कार्यक्रम,

ड) भूउपयोग योजना र क्षेत्र, बस्ती विकास तथ भौतिक विकास योजना तर्जुमा लगायत जस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम, बालबालिकालाई केन्द्रबिन्दुमा राखी उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्ने आयोजना तथा कार्यक्रम,

ढ) गाउँपालिकाको वस्तुस्थित विवरण (प्रोफाईल) ले लक्षित गरे अनुसारका क्षेत्र तथा सबाललाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रम,

ण) गाउँपालिकाको समग्र तथा सन्तुलित विकासमा योगदान पुग्ने आयोजना तथा कार्यक्रम,

१६) गत विगत वर्षमा गाउँपालिकाबाट तयार भएका तपसिल बमोजिमका बजेट तथा तर्जुमा मार्गदर्शनलाई पालना गर्ने।

**क. समष्टिगत मार्गदर्शनः**

१. पन्ध्रौ योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरुको कार्यान्वयन प्रत्यक्ष योगदान पुग्ने गरी वार्षिक कार्यक्रम तर्जुमा गर्ने।

२. दिगो विकासका लक्ष्यहरु (SDGS) का सम्बन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिने।

३. वार्षिक विकास तथा बजेट तर्जुमा प्राथमिकिकरण सिफारिस गर्दा निम्नाअनुसारको विषयक्षेत्रगत रुपमा छुट्याउने।योजना सिफारिस गर्दा बजेट सीमा भन्दा बढी भएमा पनि आवश्यक योजनाहरुलाई प्राथमिकता दिएर पठाउनुपर्नेछ।

(क) आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र)

(ख) सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, खेलकुद तथा मनोरञ्जन, लैङ्गिक समानता  तथा सामाजिक समावेशीकरण)

(ग) पूर्वाधार विकास (सडक, पुल, तथा झोलुङ्गे पुल, सिँचाई, उर्जा, लघु, तथा साना जलविद्युत, सञ्चार)

(घ) वातावरण तथाच विपद् व्यवस्थापन (वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलाधार परिवर्तन, फोरहमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन)

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन)

४. गाउँपालिका र विषयगत शाखा/ कार्यालयकका सम्पूर्ण कार्यक्रमलाई समेटी अनिवार्य रुपमा मागमा आधारित योजना निर्माणको लागि स्थानीय तह ७ चरणको योजना तर्जुमाको प्रक्रियाबाट माग भई आएका योजनालाई वार्षिक कार्यक्रममा समावेश गरिने भएकाले योजना तथा कार्यक्रम छनौट गर्दा वस्तुगत र मागमा आधारित योजना तथा कार्यक्रम छनौटको सुनिश्चिता गर्ने।

५. नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी/जनजातिसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकता साथ समावेश गर्ने।

६. जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, जोखिम न्यूनिकरण संरचना र विपद्पछिको आवश्यकता आँकलन संरचना,अपांङ्गमैत्री एवं बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजनजस्ता बहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय तहको अगुवाईमा तत् सम्बन्धी प्रथमिकताहहरु प्रतिविम्बित हुने गरी वार्षिक कार्यक्रमका क्रियाकलापमा समावेश गर्ने।

७. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन/मूल्याङ्कन गर्नेसम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित, अपाङ्ग भएका व्यक्ति एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी वातावरणमैत्री, सिपमुलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने।

८. विपद् जोखिम न्यूनिकरण सम्बन्धमा स्थानीयस्तरको बहुप्रकोप जोखिम लेखाजोखा, विपद् पूर्वतयारी, विपद् न्यूनिकरण/अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनलाभ/पुनर्निर्माण सम्बन्धी कार्यहरु पहिचान, बहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद्/ जलवायु जोखिम व्यवस्थापन योजना र यस्ता योजनाहरुले निर्दिष्ट गरेका प्राथमिकताहरु विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने।

**ख) आयोजनाको तर्जुमा छनौट सम्बन्धमा**

९. साविकमा स्थानीय स्तरमा वार्षिक बजेट तथा कार्यक्रम तय गर्दा महिला, बालबालिका, आदिवासी जजाती तथा पिछडिएका वर्ग क्षेत्र र दलित र अल्पसंख्यकमा लक्षित कार्यक्रमहरु संचालन गर्ने गरिएकोमा आगामी दिनमा समेत त्यस्ता लक्षित क्षेत्रलाई समेत निरन्तरता दिने।

१०. आयोजना छनौट गर्दा उत्पादनशील, रोजगारी वृद्धि, गरिवी न्यूनिकरण, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनिकरण, समावेशी विकास जस्ता क्षेत्रमा सहयोग पुऱ्याउने छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता जुटाउन सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने।

११. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा भूगोल (क्षेत्रफल) गरिवि (मानव विकास सूचकाङ्क) जनसंख्या र सेवा प्रवाहलाई समेत आधारमानी सन्तुलन हुने गरी कायम गर्ने।

१२. नयाँ स्थापना भएका वडाहरुको भौतिक तथा अन्य पूर्वाधार विकास र व्यवस्थापनलाई प्राथमिकता दिने।

१३. भवन निर्माण सम्बन्धी कार्यक्रम बनाउदाँ जग्गाको उपलब्धता नभई बजेट नछुट्याउने।

१४. सम्पन्न भईसकेका भौतिक संरचनाको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार वजेटको व्यवस्था गर्ने।

१५. वस्ती तथा वडास्तरबाट माग भई आउने योजना मध्ये वडा तहस्तरमा सम्बोधन गर्न नसकिने आयोजना तथा कार्यक्रमहरुलाई पालिकास्तरमा समावेश गर्नुपर्ने वा प्रदेश तथा संघ स्तरमा माग गर्नुपर्ने भएमा सम्बन्धित वडा र विषयगत समिति मार्फत त्यस्ता मागहरुको व्यवस्थापन गर्ने।

१६. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत शाखा र गाउँपालिकाले अन्य सरकारी निकाय, अन्य स्थानीय तह, निजी क्षेत्र र नागरिक समाजसँग अन्तरक्रिया एवं समन्वय गरी सूचना एकीकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने।

१७. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने।

१८. विपद् जोखिम न्यूनिकरणसम्बन्धी आयोजना तथा कार्यक्रम छनौट गर्दा विपद् व्यवस्थापन समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकरण गरेका कार्यक्रमलाई समावेश गर्ने।

१९. क्रमागत आयोजना/ कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न गरी प्रस्ताव गर्ने। लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएका मात्र कार्यक्रममा समावेश गर्ने।

**ग) आयोजनाको कार्यान्वयन सम्बन्धमा**

२०. विनियोजित स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुऱ्याउन सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यक्रम/आयोजनालाई स्रोतको कमी हुन नदिने र विभिन्न विकास प्रदायक निकायबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने।

२१. कार्यक्रम/आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित प्रभावकारी बनाउन गाउँपालिकाको कार्यालयले समग्र वार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका र विषयगत शाखा तथा वडाकार्यालयले सोही कार्यतालिका र कार्यान्वयन कार्ययोजना बमोजिम क्रियाकलाप कार्यान्वयन कार्ययोजना बनाई लागु गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्याधिक मात्रामा सहभागिता जुटाउनतर्फ जोड दिने।

२२. कार्यक्रम/आयोजनकाको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र स्थानीयतहले अवलम्बन गरेको नीतिको अधिनमा रही नगद, श्रम वा स्थानीय समाग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने। यसरी सहभागितको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई बञ्चित नगरिने नीति अवलम्बन गर्ने।

२३. स्थानीय स्तरबाटै सञ्चालन हुने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु कार्यक्रम/आयोजना कार्यान्वयन गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता कार्यक्रम/आयोजना सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने  तर श्रम जुटन नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने।

**घ. अनुगमन मूल्याङ्कन सम्बन्धमा**

२४. गाउँपालिकाको एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने।

२५. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्यकेक चरणमा उक्त खाकालाई अनुसरण गरि कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने र सोही बमोजिम अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन गरी प्रतिवेदनमाथि छलफल तथा निरन्तर सुधार र निरन्तरतालाई जोड दिने व्यवस्था मिलाउने।

## ङ. अन्तरसम्बन्धित विषयहरु (**Cross Cutting Issues**)

२७. रोजगारी सिर्जना, गरिवि न्यूनिकरण, विपद् तथा जलवायुजन्य जोखिम न्यूनिकरण, विपद् व्यस्थापन, सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, पोषण सुधार, लैङ्गिक वृद्धि एवम् त्यसमा जनताको सहजा पहुँच, सामाजिक सुरक्षा, अपाङ्गतामैत्री वा बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, समावेशीकरण र सक्तिकरण विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने।

२८. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने। यस्तो रकमको भूक्तानी बैङ्किक प्रणालीमार्फत गर्ने व्यवस्थाका लागि आवश्यक तयारी गर्ने।

२९. पालिकाबाट सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपद्बाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने।

३०. विपद् तथा जयवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाई यस सम्बन्धी कार्यक्रम समावेश गरेर विपद् तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि तपसिल बमोजिमका क्रियाकलापहरुलाई समेत आधार मानेर गाउँपालिका, वडाको कार्यक्रम तथा योजनामा समावेश गर्ने व्यवस्था मिलाउने।

अजयमेरु गाउँपालिका र सबै वडाहरुको अगुवाई र सक्रियताका साथै सरोकारवाला संघसंस्था लगायत सबै निकायको साझेदारी, सहयोग आवश्यकता र स्थानीयको माग बमोजिम छनौट गरी समन्वयमा संचालन गर्ने गरी निम्न सामाजिक अभियानमुखी कार्यक्रमहरुलाई समेत प्राथमिकतामा राख्ने।

१. पूर्ण सरसफाईउन्मुख वडा/गाउँपालिका अभियान
२. वातावरणमैत्री वडा/ गाउँपालिका अभियान
३. हरेक टोल पृथक विशेषता र पहिचान अभियान
४. घरभित्रको धुँवा रहित गाउँपालिका अभियान
५. मेरो गाउँमा मेरो योगदान अभियान
६. बालमैत्री स्थानीय शासनयुक्त वडा/ गाउँपालिका अभियान
७. बालविवाह र लैङ्गिक हिँसा मुक्त वडा/पालिका अभियान
८. जातीय तथा सबै प्रकारका विभेदमुक्त वडा/ पालिका अभियान
९. वातावरणमैत्री स्थानीय शासन
१०. पोषणमैत्री स्थानीय शासन अभियान
११. सामाजिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि अभियान
१२. पूर्ण खोपयुक्त गाउँपालिका दिगोपना अभियान
१३. दक्ष प्रसुतिकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउने पूर्ण संस्थागत सुत्केरी अभियान
१४. "अर्गानिक उत्पादनः अजयमेरु गाउँपालिकाको पहिचान" जस्ता अभियानमुखी कार्यक्रम
१५. "एक गाउँ एक उत्पादनःअजयमेरु गाउँपालिकाको पहिचान" जस्ता अभियानमुखी कार्यक्रम

### ३. अगामी आर्थिक वर्ष २०८०/०८१ को योजनका लागि योजना तथा कार्यक्रम तर्जुमा एवंम छनौटका आधारहरु

| | |
|---|---|
| १ | वडाको प्राथमिकताको आधारमा गरिवि न्यूनिकरण गर्ने सकिने योजना तथा कार्यक्रममा प्राथमिकता दिने। |
| २ | कम लगानीबाट बढी जनतालाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरु |
| ३ | बढी भन्दा बढी जनतालाई प्रत्यक्ष फाईदा पुग्ने |
| ४ | छोटो समयमा बढी प्रतिफल दिने |
| ५ | महिला, दलित आदिवासी जनजाती, पिछडीएको  वर्ग तथा क्षेत्रलाई फाईदा पुग्ने खालका आयोजनाहरु छनौट गर्ने। |
| ६ | विपद् जोगिम न्यूनिकरण गर्ने सहगाउ पुग्ने क्रियाकलापहरुलाई प्राथमिकता दिनु पर्ने |
| ७ | आवधिक योजना, जिल्ला विपद् व्यवस्थापन योजना, विषयगत गुरु योजना र क्षेत्रगत योजना र रणनीति योजना सँग मेल खाने गरी कार्यक्रम तर्जुमा गर्ने। |
| ८ | संयुक्त राष्ट्र सँघले पारित गरेका दिगो विकासका लक्ष्यहरुको अवधारणा बमोजिम योजनामा उच्च प्राथमिकता दिई सञ्चालन गर्नुपर्ने आयोजना र कार्यक्रमहरु |
| ९ | स्थानीय स्रोत साधन तथा सिपबाट संचालन हुने खालका योजना जोड दिनुपर्छ। |
| १० | उत्पादनमुलक, आयमुलक, सिपमुलक, स्वरोजगारमुलक, स्थानीय तहको आन्तरिक आय वृद्धि गर्ने खालका योजनालाई प्राथमिकता दिने। |
| ११ | वातावरण संरक्षण तथा सहरी पूर्वाधारको सुविधा प्रवर्द्धन र सम्बर्धन गर्न सघाउ पुग्ने योजनाहरुलाई प्राथमिकता दिने |
| १२ | बालमैत्री स्थानीय तह घोषणाका  लागि सूचकहरु पुरा गर्ने किसिमका योजना तथा कार्यक्रम |
| १३ | योजना छनौट गर्दा आवधिक योजना, गाउँपालिकाको पाश्वचित्र, आवधिक गाउँपालिका विकास योजना, स्थानीय जनताहरुबाट माग भै आएका तथा अन्य तथ्याङ्कहरुको आधारमा योजना छनौट गर्नुपर्ने |

## अनुसूचीहरुः
## वस्ती/टोल स्तरीय आयोजना छनौट तथा सूची तयार फारम

### क) बस्ती/टोलस्तरको आवश्यकता पहिचान तथा छनौट फारम

| विषयक्षेत्र/उपक्षेत्र | के उपलब्ध छ (सम्भावना के छ ?) | के छैन? (आवश्यकता) | के हुनुपर्छ? (कार्यक्रम आयोजनाको नाम) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

### ख) बस्ती/टोलस्तरबाट छनौट भई वडा समितिमा पेश गर्ने आयोजना विवरण फारम

| विषय क्षेत्र | आयोजन/कार्यक्रम विवरण | | | लागत अनुमानीत (रु. हजारमा) | | | | लाभान्वित | | माग गर्ने टोल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | स्थान | परिमाण | समुदायको योगदान | गा.पा. | अन्य | जम्मा | घरधुरी | जनसंख्या | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

### कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण
### (दिग्दर्शनको परिच्छेद ३ को दफा ३.५.५ सँग सम्बन्धीत)

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु समाप्ति) | कुल लागत रु. | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# आयोजनाको प्राथमिकीकरण सूची

१. निर्धारित बजेट सीमाभित्रका आयोजना तथा कार्यक्रमका लागि

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रमको नाम | स्थल | एकाइ | दर | परिमाण (संख्यामा) | अनुमानित लागत | कार्यान्वयन विधि | ल.इ. तयारी र स्वीकृति मिति | कार्य शुरु मिति | सम्पन्न गर्ने मिति | त्रैमासिक अवधि (१/२/३ /४) | लाभान्वित | | थप २ वर्षको प्रक्षेपण | | आवधिक योजनाको रणनीतिसँग सम्बन्ध |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | म. | पु | २०८१ /०८२ | ०८२ /०८३ | |
| आर्थिक विकास | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| शुसासन तथा संस्थागत विकास | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

## गाउँपालिका स्तरीय (गाउँपालिकास्तरीय गौरवका आयोजना, बहुवर्षीय आयोजनाहरु र दुई वा सो भन्दा वढी वडामा पर्ने आयोजनाहरु)

### वडा/विषयगत शाखा

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | आयोजना सञ्चालन हुने स्थान | एकाइ | परिमाण (लक्ष्य) | दर | अनुमानित लागत | कार्यान्वयन विधि | ल.इ. तयारी मिति | काम सुरु मिति | सम्पन्न गर्ने मिति | त्रैमासिक अवधि (१/२/३/४) | लाभान्वित जनसंख्या | आवधिक यझनाको रणनीतिसँग सम्बन्ध | थप दुई वर्षको प्रक्षेपण | |
| | | | | | | | | | | | | | | ०८१/०८२ | ०८२/०८३ |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |